रूपा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रूपाकोट, कास्की

गण्डकी प्रदेश, नेपाल

प. सं: २०७८/ ७९ च. नं मितिः २०७८/०७/०५

## सम्पूर्ण कृषकहरूमा रूपा गाउँपालिका, कृषि विकास शाखाको अनुरोध !

कास्की जिल्लाका विभिन्न स्थानहरूमा अमेरिकन फौजी कीरा (American Fall Armyworm), ले मकै बालीमा व्यापक क्षेति पुऱ्याएको भनी कृषि ज्ञान केन्द्र, कास्कीले सूचना सम्प्रेषण गरेको हुदाँ रूपा गाउँपालिकामा पनि उक्त किराको उत्तिकै जोखिम रहेकाले कृषक दाजुभाइ तथा दिदीबहिनीहरूलाई निम्नानुसार गर्न गराउनु हुन रूपा गाउँपालिका, कृषि विकास शाखा हार्दिक अनुरोध गर्दछ ।

1. मकै बालीको नियमित रूपमा अवलोकन गरौँ ।
2. यस कीराको अण्डा सेतो रङ्गको, एउटा समूहमा १०० देखी २०० सम्मको झुण्डमा रहेका हुन्छन्। यसका लाभ्रे कीराहरु ३ देखी ३.५ से.मी. लामा खैरा, पहेँला वा गुलावी रङ्गका हुन्छन् । यस्ता कीराको निधारमा अंग्रेजीको Y आकारका चिन्ह, पेटको अन्तिम खण्डमा वर्गाकार स्वरूपमा मिलेका ४ वटा थोप्ला हुन्छन् । शुरुको अवस्थामा कलिला पात कोत्रेर खाएको जस्तो र कीराको आकार वढ्दै जाँदा पातमा वा गुभोमा छरपष्ट प्वाल पारी क्षेति पुऱ्याउँछ । आफ्नो खेतवारीमा यस्ता खालका कीरा वा क्षेति देखनासाथ कृषि प्राविधिकहरुको सल्लाह लिई फल आर्मी वर्म ल्यूर (फ-ल्यूर) प्रति रोपनी १ वटाको दरले प्रयोग गर्ने, भर्खरको सुरुवाती अवस्थाका साना मसिना कीराहरु छन् भने निममा आधारित विषादी एजाडीरेक्टिन (Azadirachtin) १.५ मि.लि. प्रति लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी छर्ने, ठुलो आकारको कीराका लागि क्लोरान्ट्रानिलिप्रोल (Chlorantraniliprole) १८.५ प्रतिशत ई.सी. १ मि.लि. प्रति २.५ लिटर पानीको दरले वा स्पाइनेटोराम (Spinetoram) ११.७ एस.सी. १ मी.लि. प्रति २ लिटर पानीका दरले वा स्पाइनोस्याड (Spinosad) ४५% ई.सी. १ मि.लि. प्रति ३ लिटर पानीको दरले वा एमामेक्टिन वेन्जोएट (Emamectin Benzoate) १ ग्राम प्रति २.५ लिटर पानीको दरले मिसाई पुरै वोट भिज्ने गरी छर्कनु पर्दछ ।
3. लार्भा हुर्केपछि तथा मकैको घोगा लाग्न थाले पछि विषादीको प्रयोग प्रभावकारी नहुने हुँदा विषादी प्रयोग नगर्ने । त्यसैले, मकै बालीमा कीराको क्षतिको लक्षणहरु देखिनासाथ विषादीको प्रयोग वा अन्य व्यवस्थापन विधि अपनाई नियन्त्रण गर्नु पर्दछ वा पालिकाको कृषि विकास शाखामा सम्पर्क गर्नुपर्दछ। रासायनिक विषादीको प्रयोग गर्दा सुरक्षात्मक उपायहरू जस्तै मास्क, चस्मा, पञ्जा, एप्रोन. पुरा बाहुला भएको कपडा तथा जत्ता लगाएर प्रयोग गर्नुपर्छ । विषादी औषधि होइनन्, विष हुन् । विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौँ ।पर्खनु पर्ने समयको ख्याल गरौँ र जथाभावी बिषादीको प्रयोग नगरौं ।

**थप जानकारीका लागि रूपा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**म्पर्क नं ९८५६०७३१०५**

कृषि विकास शाखा

रूपा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रूपाकोट, कास्की
गण्डकी प्रदेश, नेपाल

प. सं : २०७८/ ७९ च. नं मितिः २०७८/०७/०५

विषय: क्षति विवरण उपलब्ध गराइदिने बारे ।

श्री वडा कार्यालय सबै,
रूपा गाउँपालिका, कास्की ।

प्रस्तुत विषयमा गत हप्ता देखि परेको अविरल वर्षाका कारण तहाँ वडाभित्र लगाइएको धानबालीमा भएको क्षति सम्बन्धी विवरण आवश्यक भएको हुँदा मिति २०७८/०७/१० गते भित्र तपसिल बमोजिमको ढाँचामा क्षति विवरण उपलब्ध गराइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल:**

| क्र. स | कृषकको नामथर | धान लगाएको क्षेत्रफल (रोपनीमा) | काटिएको धान बगाएर क्षति भएको क्षेत्रफल (रोपनीमा) | काटिएको धान डुबेर क्षति भएको क्षेत्रफल (रोपनीमा) | धान ढलेर भएको क्षतिको क्षेत्रफल (रोपनीमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |